बैठक नं १७५

आज मिति २०८१/०८/११ गतेका दिन यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री नन्द लाल शर्मा | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री तोपमान श्रेष्ठ | सहायक पाँचौं | |

## प्रस्तावहरु

१. सडक बोर्डको योजना छनौट सम्बन्धमा।
२. गाउँपालिका गेट निर्माणको लागि अपूग रकम सम्वन्धमा।
३. ठेक्का प्रकृया अगाडी बढाउने सम्बन्धमा ।
४. शिक्षा शाखाको प्रस्ताव सम्बन्धमा। (रुम टू रिड, शिक्षा योजना निर्माण, शिक्षा समितिको बैठक खर्च र भत्ता )
५. शिक्षा समितिको २०८१/०८/१० गतेको निर्णयलाई अनुमोदन गर्ने सम्बन्धमा।
६. अवकाश भएका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा।
७. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागत साझेदारी सम्बन्धमा।
८. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि वडावाट आएको योजनाहरु छनौट सम्बन्धमा।
९. बेरुजु सम्परीक्षण सम्बन्धमा।
१० उपचार सहयोग सम्बन्धमा।
११ आयोजनाको भुक्तानी र अनुगमन सम्बन्धमा।
१२ विविध ।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा सडक वोर्ड नेपालबाट यस गाउँपालिकामा प्राप्त वजेट अनुसारको योजना कार्यान्वयन गर्न तपसिल वमोजिमको योजनाहरु छनोट गर्ने निर्णय गरियो।<br>१. खरानीटार अस्पताल सडक तादी ३<br>२. माथिल्लो चौर खहरेखोला सडक तादी ३ |
| २ | प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०८१/०८२ मा गाउँपालिका प्रवेशद्वार गेट निर्माणको लागि विनियोजन गरिएको शिर्षकमा वजेट नपुग भएको हुँदा गाउँपालिकाले आ.व २०८१/०८२ मा विनियोजन गरेको फोहोरमैला व्यवस्थापन शिर्षकको रकम रोक्का राखि आगामि हिउदे अधिवेशन बाट स्रोत समायोजन हुने गरि रु ३,५०,००० । (अक्षरुपी तिन लाख पचास हजार) रकम उपलब्ध गराउने निर्णय गरियो । |

३ प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिकाबाट आ.व २०८१/०८२ मा विनियोजन भएको बाहुनवेशि नर्जा डाँडाको पाटो सडक तादी ५ र दोर्खुपुल धन्सार मानेडाँडा सडक तादी १ को सडकको प्राविधिक स्टमेट वमोजिमको रकम बहुबर्षिय बनाई ठेक्का प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

४ प्रस्ताव नं ४ उपर छलफल गर्दा रुम टु रिड र रुडेक नेपाल द्वारा प्राविधिक सहयोग भई संचालित पठ्नको लागि कोठा अन्तर्गत साक्षरता कार्यक्रमको रुपमा ५ वटा विद्यालयको लागि कक्षा २ को कक्षा कोठा व्यवस्थापन तथा पुस्तकालयको लागि फर्निचर खरिदको लागि आ.व २०८१/०८२ मा विनियोजन भएको गै स स लागत साझेदारी शिर्षकबाट खर्च हुने गरि उपलब्ध गराउने निर्णय गरियो साथै शिक्षा योजना निर्माण र शिक्षा समितिको बैठक खर्च र भत्ता सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा शिक्षा समितिको मिति २०८१/०८/१० गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६ प्रस्ताव नं ६ उपर छलफल गर्दा साविक गाउँ विकास समितिबाट नियुक्ति लिई हाल स्थानीय तहमा समायोजन भई कार्यरत तपसिल वमोजिमका कर्मचारीहरुको निजहरु अनिवार्य अवकाश हुदाँ प्राप्त गर्ने सेवा सुविधा स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ वमोजिमको घर विदा, विरामी विदा, औषधि उपचार र उपदान वापतको तपसिल वमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं | नाम/थर | पद | घर विदा | विरामी विदा | औषधि उपचार | उपदान |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण बहादुर तामाङ | सहायक पाँचौ | २२९१४०। | २४०५९७। | ६८७६७२। | ९०२५६९। |
| २ | दुर्गा प्रसाद तिवारी | सहायक पाँचौ | २२९१४०। | २४४४१६। | ६८७६७२। | ९१२१२०। |
| ३ | पुषव बहादुर पाठक | का.स. | १५८०४०। | १५८०४०। | ५५३३०८। | ३८४२४२। |

७ प्रस्ताव नं ७ उपर छलफल गर्दा तादी गाउँपालिका स्थानीय निर्देशक समितिको बैठकबाट पारित प्रधानमन्त्री रोजगार कार्यक्रमको लागत साझेदारीको तपसिल वमोजिमको रकम बाँडफाँड अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

प्रधानमन्त्री रोजगार कार्यक्रम

रोजगार सेवा केन्द्र तादी गाउँपालिका खरानीटार नुवाकोट

युवा रोजगारी आइ. डि. ए. को बजेट विवरण

| वडा नं. | बेरोजगार सङ्ख्या | युवा रोजगारी आइ. डि. ए. को जम्मा बजेट | बजेट रकम |
|---|---|---|---|
| १. | ७ | | ४,९५,६००.०० |
| २. | ९ | | ६,३७,२००.०० |
| ३. | ३.८७ | | २,७३,९९६.०० |
| ४. | ५ | २७,५२,०००.०० | ३,५४,०००.०० |
| ५. | ७ | | ४,९५,६००.०० |
| ६. | ७ | | ४,९५,६००.०० |
| जम्मा | ३८.८७ | | २७,५२,०००.०० |

प्रधानमन्त्री रोजगार कार्यक्रम

रोजगार सेवा केन्द्र तादी गाउँपालिका खरानीटार नुवाकोट

नेपाल सरकारको बजेट विवरण

| वडा नं. | बेरोजगार सङ्ख्या | नेपाल सरकारको जम्मा बजेट | बजेट रकम |
|---|---|---|---|
| १. | ४ | | २,८३,२००.०० |
| २. | ५ | | ३,४५,०००.०० |
| ३. | ३.३२ | | २,३५,०५६.०० |
| ४. | ३ | १७,२२,०००.०० | २,१२,४००.०० |
| ५. | ५ | | ३,४५,०००.०० |
| ६. | ४ | | २,८३,२००.०० |
| जम्मा | २४.३२ | | १७,२२,०००.०० |

८ प्रस्ताव नं ८ उपर छलफल गर्दा आ.व २०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको तपसिल वमोजिमका वडागत योजना छनोट गर्ने निर्णय गरियो ।

| वडा नं. | नेपाल सरकार रोजगारी सिर्जना तर्फ |
|---|---|
| १ | किवी/ओखर खेती प्रवर्द्धन |
| २ | डुडको खोल्साबाट वरको बोट सम्मको गोरेटो बाटो निर्माण |
| ३ | अल्छेढुङ्गाबाट चण्डेश्वरी जाने गोरेटोबाटो थप तथा तादी ३ भित्रका सडक सरसफाई |
| ४ | बागमारा पर्यटन पार्क निर्माण योजना |
| ५ | मलामीडाँडाबाट अमारे गोरेटो बाटो निर्माण तथा वडा नं. ५ भित्रका सडक सरसफाई |
| ६ | गाउँले पानी देखि कोटथोक तेर्सो बाटो, हिरलालको पसलबाट बाखोर, मैनाली टोलबाट ढकालडाँडा सम्म गोरेटो बाटो मर्मत |

| वडा नं. | युवा रोजगार (आइ.डि.ए) |
|---|---|
| १ | स्ट्रबेरी/कफि खेती प्रवर्द्धन |
| २ | रालुकादेवी मन्दिर वरपर पार्क निर्माण तथा मर्मत योजना |
| ३ | कोषगाडे फेदी देखि वरेदेवीथान सम्म गोरेटो बाटो मर्मत, बाली पुछारदेखि अँधेरीखोला गोरेटो बाटो मर्मत आयोजना |
| ४ | बागमारा पर्यटन पार्क मर्मत योजना |
| ५ | आँप खोल्चाबाट देउराली सम्म गोरेटो बाटो मर्मत र आँपपुल बगैचा संरक्षण कार्य |
| ६ | पौवाथोक पातले पधेँरो हुँदै खातीको चौतारो, पौवाथोक हुँदै डोटेलबेशी, खातीडाँडाबाट दमाई डाँडा जाने गारेटो बाटो मर्मत |

१. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि लागत साझेदारी (६ वटै वडाको लागि) शीर्षकमा भएको रु. १२,००,०००। मध्येको प्रत्येक वडाको लागि २,००,०००। अक्षरुपी दुई लाख मात्र उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| ९ | प्रस्ताव नं ९ उपर छलफल गर्दा आ.व. २०८०/०८१ को प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन प्रास भएकाले सो प्रतिवेदनमा उल्लेख भएका वेरुजुहरुको सम्परिक्षण कार्य गर्न लेखा समितिबाट निर्णय गरि आगामी हिउदे अधिवेशनबाट पारित गराई वेरुजु सम्परिक्षण गर्ने निर्णय गरियो । |
| १० | प्रस्ताव नं १० उपर छलफल गर्दा आ.व २०८१/०८२ मा विनियोजन भएको विपन्न नागरिक सहायता कार्यक्रमवाट तपसिल वमोजिमको सहायता रकम उपलब्ध गराउने साथै आर्थिक सहायता सम्वन्धी कार्यविधी अनुसार गाउँपालिकाको अध्यक्षको तोक आदेश बमोजिम भुक्तानी गरिएको रकम अनुमोदन गर्ने निर्णय गरियो । <br> तपसिल <br> १. भोला तामाङ तादी ३ — ५०,०००। अक्षरुपी पचास हजार मात्र । <br> २. संजना तामाङ तादी ३ — ५०,०००। अक्षरुपी पचास हजार मात्र । |

३. कान्छि माया तामाङ तादी १ — ५०,००० । अक्षरुपी पचास हजार मात्र ।

११ प्रस्ताव नं ११ उपर छलफल गर्दा प्रस्तुत विषयमा आ.व २०८१/०८२ मा यस गाउँपालिकाबाट विभिन्न स्थानमा अविरल बर्षाको कारण क्षति भएका सडक लगायतका पुर्वाधारहरुको विपदबाट भएका निर्माण कार्यहरुको अनुगमन प्रतिवेदन गाउँकार्यपालिकामा प्राप्त नभएको हुँदा प्राविधिक मूल्याङ्कन र वडा सिफारिसका आधारमा विपदबाट भएका तपसिल बमोजिमका थप निर्माण कार्यहरुको भुक्तानी विपद व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो ।

| निर्माण व्यवसायी | योजनाको नाम | वडा नं. | स्वीकृत लागत अनुमान/रकम रु. | कार्यसम्पन्न रकम रु. | भुक्तानी गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|---|
| रोहना कन्स्ट्रक्सन | ढाँडि स्थितको सडक खण्ड मर्मत तथा ग्राभेल | ५ | 61,975.46 | 59,725.57 | 59,726.00 |
| रोहना कन्स्ट्रक्सन | डाँडाको पाटो ज्वालामूखी सडक सरसफाई | ६ | 49,134.02 | 38,315.99 | 38,316.00 |
| रोहना कन्स्ट्रक्सन | सातविसे बागमारा सडक अन्तर्गत ठाउँठाउँमा पहिरो सफाई, मर्मत तथा ग्राभेल कार्य | ४ | 92,224.04 | 91,757.77 | 91,758.00 |
| रोहना कन्स्ट्रक्सन | बाँसबोटे छापथोक सालचौतारी हुँदै रालुकामैदान सडक सरसफाई | २ | 38,744.67 | 38,658.33 | 38,658.00 |
| रोहना कन्स्ट्रक्सन | तादी २ को दाहालथोकमा गएको पहिरो पन्छाउने कार्य | २ | 70,775.32 | 70,101.02 | 70,101.00 |
| रोज कन्स्ट्रक्सन. | खरानीटार कोइरालाचेत गुरुङ गाउँ टुटुङ्ग बाटो मर्मत, ग्राबेल तथा पहिरो सरसफाई | ३ | 99,664.10 | 49,969.32 | 49,969.00 |
| बराहीदेवी निर्माण सेवा | भोर्ले रिमाल डाँडा बाटो मर्मत | ३ | 99,952.71 | 99,954.30 | 98,484.00 |
| रेहान एण्ड सुन्दरा कन्स्ट्रक्सन प्रा. ली | तादी ५ स्थित बोर्होरे पहिरो पन्छाउने कार्य | ५ | 99,103.01 | 98,102.34 | 98,102.00 |

१२ प्रस्ताव नं १२ उपर छलफल गर्दा विविध शिर्षकमा तपसिल वमोजिमको निर्णयहरु गरियो ।

क) प्रस्तुत विषयमा यस तादी गाउँपालिका वडा नं ३ मा रहेको खरानीटार अस्पतालमा मातृ तथा नव शिशु कार्यक्रम भित्रको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम श्रावण १ देखि नै संचालन भएको हुनाले उक्त कार्यक्रमको लागि एक जना दक्ष अनमी लाई महिनाको ८ दिन नेपाल सरकारको मापदण्ड वमोजिम सम्झौता गरि श्रावण महिना देखि नै पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

ख) प्रस्तुत विषयमा तादी ६ नर्जामण्डपमा रहेको स्वास्थ्य चौकी जाने सडक लाई सहज रुपमा संचालन गर्न सोलिङको लागि वजेटको व्यवस्था गर्ने सम्बन्धमा छलफल भयो ।

| | |
|---|---|
| | ग) तादी गाउँपालिका स्थित सातविसे अस्थायी प्रहरी पोष्टबाट १/१ थान स्टिल दराज र अफिसियल टेवल आवश्यक भएको भनि माग भई आएकोमा उक्त कार्यालयलाई १/१ थान स्टिल दराज र अफिसियल टेवल प्रदान गर्ने निर्णय गरियो। |